आज मिति २०८२ साल चैत्र ११ गते (तद्नुसार २५ मार्च २०२६) का दिन यस आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको ११० औं बैठक अध्यक्ष श्री मिरा चौधरीको अध्यक्षतामा साँझ ५.३० बजे घोराही उपमहानगरपालिका वार्ड नं १५ स्थित कार्यालयको सभा कक्षमा निम्न प्रस्ताव उपर छलफल गरी बैठक सम्पन्न भयो ।

उपस्थिति :

| | | |
|---|---|---|
| १ | श्री मिरा चौधरी | अध्यक्ष |
| २ | श्री अरुणा कुमारी चौधरी | सञ्चालक सदस्य |
| ३ | श्री मिना गिरी | सञ्चालक सदस्य |
| ४ | श्री टिकाराम चौधरी | सञ्चालक सदस्य |
| ५ | श्री कृष्ण बहादुर खत्री | सञ्चालक सदस्य |
| ६ | श्री राम हरी कंडेल | सञ्चालक सदस्य |
| ७ | श्री अनन्त बहादुर बस्नेत | स्वतन्त्र सञ्चालक |

विशेष उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री सोगत वीर चौधरी | प्रमुख कार्यकारी अधिकृत |

प्रस्तावहरु :

१. संस्थाको सातौं वार्षिक साधारण सभाको मिति तय गर्ने सम्बन्धमा ।

२. नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएबमोजिम लाभांस वितरण गर्ने सम्बन्धमा ।

३. दर्ता किताब (बुक क्लोज) बन्द गर्ने सम्बन्धमा ।

४. संस्थागत सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

५. दफा ७८ पारित गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा यस आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको सातौं वार्षिक साधारण सभा देहायमा उल्लेखित मिति, समय, स्थानमा निम्न विषयवस्तु माथि छलफल हुनेगरी राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो ।

साधारण सभा हुने मिति, समय र स्थान

सभा हुने मिति : २०८३ साल वैशाख ०७ गते सोमवार

Scanned with CamScanner

सभा हुने स्थान : घोराही उप-महानगरपालिका १५, दाङ

सभा हुने समय : बिहान ११:०० बजे

छलफलका विषयहरु :

<u>साधारण वा सामान्य प्रस्तावहरु</u>

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान, सोही अवधिको नगद प्रवाह विवरण एवम सो संग सम्बन्धित अनुसुचीहरु पारित गर्ने सम्बन्धमा ।

३. आर्थिक वर्ष ०८२/०८३ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. नगद लाभास (कर प्रयोजनको लागि) ०.७५ प्रतिशतले वितरण गर्ने सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

<u>बिशेष प्रस्ताव</u>

१. बोनस शेयर १४.२५ प्रतिशतले वितरण गर्ने सम्बन्धमा ।

२. अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

२. प्रस्ताव नं. २ मा छलफल गर्दा नेपाल राष्ट्र बैंकबाट मिति २०८२/१२/०९ गते प्राप्त पत्र, पत्रसंख्या ल.वि.स.सु.वि./गैरस्थलगत/आत्मनिर्भर/०८२/०८३ बमोजिम यस आत्मनिर्भर लघुबित्त वित्तीय संस्था लिमिटेडको वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्न सहमती प्रदान गरिएको र संस्थाको आर्थिक वर्ष २०८१/०८२ सम्मको सञ्चित मुनाफा र आर्थिक वर्ष २०८१/०८२ को खुद नाफाबाट २०८२ असार मसान्तमा कायम चुक्ता पुँजी रु. ७,८३,४३,२८१।५० (अक्षरेपी सात करोड त्रियासी लाख त्रिचालीस हजार दुई सय एकासी रुपैयाँ र पैसा पचास मात्र) को १४.२५ प्रतिशतले हुन आउने रकम रु. १,११,६३,९१७।६१ (अक्षरेपी एक करोड एघार लाख त्रिसठ्ठी हजार नौ सय सत्र रुपैयाँ र पैसा एकसठ्ठी मात्र) बोनस शेयर तथा ०.७५ प्रतिशतले हुन आउने रकम रु. ५,८७,५७४।६१ (अक्षरेपी पांच लाख सतासी हजार पाँच सय चौहत्तर रुपैयाँ र पैसा एकसठ्ठी मात्र) नगद लाभाश कर प्रयोजनको लागि समेत गरी १५ प्रतिशतका दरले आयकर ऐन तथा नियमावली र अन्य प्रचलित कानुनी व्यवस्था समेतको पालना गर्ने गरी संस्थाको वार्षिक साधारण सभाबाट स्वीकृत गरे पश्चात सम्पूर्ण शेयरधनीहरुलाई लाभास वितरण गर्ने निर्णय गरियो ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि.
स्था: २०७५
दाङ
Atmanirbhar Laghubitta Bittiya Sanstha Ltd.

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा यस आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको ७ औं वार्षिक साधारणसभा तथा लाभांश प्रयोजनको लागि मिति २०८२/१२/२६ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ मा छलफल गर्दा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम तयार गरिएको यस आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को संस्थागत सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ मा छलफल गर्दा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिम तयार गरिएको यस आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को दफा ७८ अनुसारको विवरण स्विकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner